कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय सिन्धुली

बागमती प्रदेश, नेपाल

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश, नेपाल

# सिटी हल भाडामा लगाउने बारेको विद्युतीय प्रस्ताव आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशन मिति : २०८२/१२/१०

कमलामाई नगरपालिका नगरकार्यपालिकाको मिति २०८२/०९/२१ गतेको बैठकको निर्णय अनुसार कमलामाई नगरपालिकाको सिटीहलको भाडा र बहाल व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम कमलामाई नगरपालिका, वडा नं ०६, खम्बेचौरस्थित सिटी हल भवन भाडामा लगाउनुपर्ने भएकोले इच्छुक योग्यता पुरा गरेका प्रस्तावकहरु (फर्म वा कम्पनी) सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक प्रस्ताव आव्हानका लागि यो १५ (पन्ध्र) दिने वोलपत्र प्रकाशन गरिएको छ ।

## शर्तहरु

(१) प्रस्ताव फारम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजेभित्र प्रस्ताव खरिद दस्तुर वापतको रकम रु.३०००।- (तीन हजार) फिर्ता नहुने गरी इच्छुक फर्म वा कम्पनीको नामबाट यस कमलामाई नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय सिन्धुलीमा रहेको आन्तरिक राजस्व खाता नं.१०६०१००३०१०१०००३ मा अन्य दस्तुर शीर्षक नं १४२४९ स्थानीय तहको राजश्व प्रणाली सुत्र मार्फत रकम जम्मा गरी नेपाल सरकारको विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत प्रस्ताव फारम प्राप्त गर्न सकिनेछ । प्रस्ताव आव्हान, पेश गर्ने र खोल्ने प्रकृयाका लागि मात्र विद्युतीय खरिद प्रणालीको प्रयोग गरिनेछ ।

(२) प्रस्तावदाताले प्रस्ताव साथ चालु आ.व. को नविकरण सहितको फर्म कम्पनी दर्ता प्रमाणपत्र, यस प्रकारको व्यावसायिक कार्य गर्ने व्यवसाय इजाजत सम्बन्धीप्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रहरुको स्क्यान कपी विद्युतीय खरिद प्रणाली मार्फत अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

(३) सिटी हल भाडाको सम्झौता अवधि १० वर्षको रहनेछ । भाडा मुल्य अभिवृद्धि कर बाहेक न्यूनतम मासिक रु. ७०००००।- (अक्षेरेपी सात लाख रुपैंया) रहेनेछ ।

(४) एक फर्म कम्पनीको नामबाट प्रस्ताव खरिद गरी अर्को फर्म कम्पनीको नामबाट प्रस्ताव दाखिला गर्न पाइनेछैन । प्रस्ताव पेश गर्दा प्रस्ताव खरिद दस्तुर बुझाएको भौचरको सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

(५) प्रस्तावदाताले आफुले कबोल गरेको मासिक भाडाबाट हुन आउने २४ महिनाको भाडा बराबरको रकमको ५% ले हुन आउने नगद रकम यस कमलामाई नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय सिन्धुलीमा रहेको धरौटी खाता नं १०६०१००३०३००००००३ मा जम्मा गरेको बैंक भौचर वा कबोल गरेको रकमको ५% भाडा रकम बराबरको कम्तीमा १२० दिन अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको शर्तरहित बैंक जमानत बिडवण्ड पेश गर्नु पर्नेछ । यो मूल्य अभिवृद्धि कर सहितको रकमलाई लिनु पर्नेछ ।

(६) सम्झौता गर्न आउँदा स्वीकृत प्रस्तावदाताले कबोल गरेको बार्षिक भाडा (१२ महिनाको) रकम (कर सहित) बराबरको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गर्नु वा सम्झौता मिति देखि गणना गर्दा कम्तिमा १५ महिना मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयका नाममा जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ । यसमा परफरमेन्सबण्ड मूल्य अभिवृद्धि कर सहितको हुनेछ।

(७) पेश भएका प्रस्तावहरु यस सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:१५ बजे विद्युतीय खरिद प्रणाली मार्फतयस कार्यालयमा खोलिनेछ ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

(८) प्रस्तावहरु खोल्दा प्रस्तावदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधी तथा आमन्त्रित अन्य प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ । कुनै कारणवश उक्त मिति तथा समयमा प्रस्तावदाता स्वयमं वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमासमेत प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन ।

(९) सूचनामा तोकिएको म्यादभित्र रितपूर्वक पेश भएका प्रस्तावहरुको न्युनतम योग्यताको मुल्यांकन गरी उक्त मुल्यांकनमा सफल तथा सबैभन्दा बढि भाडा कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

(१०) स्वीकृत भएको प्रस्तावदाता सम्झौता गर्न नआएमा निजको धरौटी वा जमानत जफत गरि कानुन बमोजिम कालो सूचीमाराख्ने कारवाही अघि बढाइ निज भन्दा कम निकटतम कबोल अंक भएको प्रस्तावदाता संग सम्झौता गरि कार्य अघि बढाइने छ ।

(११) बहाल सम्झौता अवधी १० वर्षको रहनेछ । बहाल सम्झौता भएको मितिले २ वर्ष सम्म बहाल रकम वृद्धि नगरिने र सो पश्चात प्रत्येक २ वर्षमा ५ प्रतिशतका दरले वहाल रकम वृद्धि गरिनेछ । भाडा लिने पक्षले तोकिएको समयमा शुल्क/भाडा/बहाल नबुझाएमा पहिलो महिना १० प्रतिशत, दोस्रो महिना देखि १५ प्रतिशत जरिवाना तिर्नु पर्ने र भाडा ३ (तीन) महिना सम्म नबुझाएमा धरौटीबाट कट्टा गरिने वा बैंक ग्यारेन्टीबाट असुल गरि सम्झौता भंग गर्ने प्रकृया अघि बढाइनेछ ।

(१२) सम्झौता अवधिमा पेश गरेको नगद धरौटी वा बैंक ग्यारेन्टीको सम्बन्धमा बैक जमानतलाइ निरन्तरता दिन अर्को वर्षका लागि बैशाख महिना भित्रमा एक वर्षको बहाल रकम (कर सहित) बराबरको रकम धरौटी राख्नु पर्ने वा कम्तिमा १५ महिना म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयका नाममा जारी भएको बैंक ग्यारेन्टी (परफर्मेन्स बण्ड) पेश गर्नुपर्ने ।

(१३) प्रस्ताव कागजातमा कुनै त्रुटी (भाषागत समेत) भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन/संशोधन गर्न बाधा पर्नेछैन । यस्तो किसिमको संशोधन गर्नुपरेमा विद्युतीय खरिद प्रणाली मार्फत नै आवश्यक संशोधन गरिनेछ । सो को जानकारी यस कार्यालयको आधिकारिक वेभसाइट, फेसबुक पेज मार्फत सूचना सम्प्रेषण समेत गरिनेछ ।

(१४) कार्यालयको हितलाइ ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा भाडामा लगाउने प्रकृया नै रद्ध गर्ने समेतको सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । भाडामा लगाउने प्रकृयामा कुनै बाधा अड्चन आइपरेमा वा प्रस्तावदाता र कार्यालयबीच अष्पष्टता भएमा प्रचलित नियम तथा कानुन र नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(१५) यस कार्यसंग सम्बन्धित थप व्यवस्था **कमलामाई नगरपालिका, सिटीहलको भाडा / बहाल व्यवस्थापन कार्यविधि,२०८२** बमोजिम हुनेछ, कार्यविधि पालिकाको वेभसाइटमा राखिएको छ ।

(१६) थप जानकारीको लागि यस कार्यालयको पूर्वाधार विकास शाखा वा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत